दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २५९ | बुटवल | २०८२ भदौं ३० गते, सोमबार | नेपाल संवत ११४५ | Monday September 15, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## प्रधानमन्त्री कार्कीद्वारा पदभार ग्रहण :

# ‘आगजनी र तोडफोड सुनियोजित हुन सक्छ’

**सरकारले जेनजी प्रदर्शनका क्रममा मृत्यु भएकाहरूको परिवार काठमाडौंमा बस्दा लागेको खर्च व्यहोर्ने निर्णय गरेको छ।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

प्रधानमन्त्री शुसीला कार्कीले जेनजी आन्दोलनको क्रममा भएको आगजनी र तोडफोडका घटना सुनियोजित हुन सक्ने बताएकी छन् ।

पदभार ग्रहण समारोहमा सम्बोधन गर्दै उनले सो कुरा बताएकी हुन् । ‘मान्छेले ज्यान मार्छ, भवनहरु लुट्ला, भत्काउला बेग्लै कुरा हो । तर यो घटना त मलाई लाग्छ यो देशमा पहिलो चोटी भएको हो,’ प्रधानमन्त्री कार्कीले भनिन्-‘यस किसिमले हाम्रा संस्थाहरु, यस्तो अनुहार देखाउन नसक्ने अवस्थामा पुऱ्याएको छ । मलाई त जहाँसम्म लाग्छ, यो एउटा योजनाबद्ध षड्यन्त्रै भएको हो कि भन्ने लाग्छ ।’ उनले यसबारे अनुसन्धान हुने र कारबाही हुने बताइन् ।

‘अनुसन्धान हुन बाँकी छ । र अनुसन्धान गरेर यसरी प्रहार गर्नेहरुलाई यसरी नोक्सान गर्नेहरुलाई अपरिहार्य वस्तु, अत्यन्त आवश्यक वस्तु खरानी बनाएको छ, त्यसलाई छोड्नुपर्ने अवस्था छैन । यो कारबाही हुनुपर्ने अवस्था छ । यसको खोजबिन तलास हुनुपर्ने अवस्था छ ।’-उनले भनिन् ।

उनले सिंहदरबार, संसद भवन, सर्वोच्च अदालत, व्यापारिक कम्प्लेक्सलगायतका सरकारी कार्यालयहरुमा भएको आगजनी लज्जास्पद भएको बताइन् । सिंहदरबार, सर्वोच्च अदालत जस्ता मुलुकलाई अति आवश्यक सरकारी संरचना जलाउनेहरुलाई नेपाली भन्न नसकिने उनले बताएकी छन् ।

**पदभार ग्रहणपछि कर्मचारीहरुलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले**

सर्वोच्च अदालत, सिंहदरबारलगायतका भौतिक संरचनाहरु जल्दा महत्वपूर्ण कागजातहरु जलेको र सरकार शून्यको अवस्थामा पुगेको बताइन् । ‘भौतिक क्षतिले केही हुँदो रहनेछ । त्यो त बनाउन पनि सकिन्छ । ती रेकर्डहरु, जमानाका फाइलहरु, विवरणहरु सम्पूर्ण नष्ट भएर हामी यतिखेर शून्यमा पुगेका छौं । हाम्रो अवस्था शून्यमा छ ।’-उनले भनिन् ।

यसैगरी सरकारले जेनजी प्रदर्शनका क्रममा मृत्यु भएकाहरूको परिवार काठमाडौंमा बस्दा लागेको खर्च व्यहोर्ने निर्णय गरेको छ । आइतबार पदभार ग्रहणपछि सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री सुशीला कार्कीले यसबारे निर्णय गरेको जानकारी गराएकी हुन् ।

साथै, मृतकको शवलाई आफ्नो स्थानीय क्षेत्रमा पुऱ्याउन चाहनेलाई सवारी साधनको व्यवस्था पनि गर्ने निर्णय भएको उनले जानकारी दिइन् ।

‘अहिले मृतकका परिवारहरु काठमाडौं भ्यालीमै छन् । उनीहरु बसेको, उठेको, खाएको त्यो खर्च हेरिदिने,’ प्रधानमन्त्री कार्कीले भनिन्-‘मृतकको शवलाई आफ्नो स्थानीय क्षेत्रमा पुऱ्याउन कसैले चाहन्छ भने सवारीको पनि व्यवस्था गरिदिने आदि निर्णय भएको छ ।’

» बाँकी ३ पेजमा

**जेनजी आन्दोलन:**

### मारिएकालाई शहीद घोषणा, परिवारलाई १० लाख राहत, ७२ को मृत्यु

बुटवल । जेनजी आन्दोलनमा मारिएकाहरुलाई शहीद घोषणा गरिने भएको छ । उनीहरुलाई शहीद घोषणा गरेर उनीहरुका परिवारलाई जनही १० लाख रुपैयाँ राहत दिने पनि प्रधानमन्त्री सुशीला कार्कीले घोषणा गरेकी छिन् ।

उनले घाइतेहरुको निःशुल्क उपचार व्यवस्था गर्न पनि निर्देशन दिएकी छन् ।

जेनजी आन्दोलनका क्रममा अहिलेसम्म देशभर ७२ जनाको निधन भएको सरकारले जानकारी दिएको छ ।

प्रधानमन्त्रीको पदभार ग्रहण कार्यक्रममा सो जानकारी गराइएको हो ।

जसमा आन्दोलनकारीतर्फ ५९ जना शहीद भएका छन् भने प्रहरीतर्फ ३ जनाको मृत्यु भएको छ । कारागारबाट भाग्ने क्रममा झडप हुँदा १० जना मारिएका छन् । हाल १३४ प्रदर्शनकारीको उपचार भइरहेको छ । प्रहरीतर्फ ५७ जना उपचाररत रहेका छन् ।

## संसद विघटनविरुद्ध कांग्रेस

बुटवल । नेपाली कांग्रेसले प्रतिनिधिसभाको विघटन अलोकतान्त्रिक र असंवैधानिक रहेको दोहोऱ्याएको छ । उप-सभापति पूर्णबहादुर खड्काले आइतबार विज्ञप्तिमार्फत् प्रतिनिधिसभा विघटनविरुद्ध पार्टी रहेको बताएका हुन् ।

प्रतिनिधिसभा विघटनको कार्य पूर्णरुपमा अलोकतान्त्रिक र असंवैधानिक भएको उनले बताएका छन् ।

आइतबार एक विज्ञप्ति जारी गर्दै उनले प्रतिनिधिसभा विघटनको कार्यले संविधान, संविधानद्वारा प्रत्याभूत नागरिक अधिकार, संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक शासन व्यवस्था र समावेशी चरित्रको राज्य निर्माण गर्ने संविधानको भावनामा कुठराघात भएको बताएका छन् ।

» बाँकी ३ पेजमा

## पहिलो महिला महान्यायाधिवक्ता नियुक्त भइन् सविता भण्डारी बराल



बुटवल । वरिष्ठ अधिवक्ता सविता भण्डारी बराल महान्यायाधिवक्ता नियुक्त भएकी छिन् । प्रधानमन्त्री सुशीला कार्कीले उनलाई नियुक्त गर्नका लागि राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेकी थिइन् । प्रधानमन्त्रीको सिफारिसमा उनलाई महान्यायाधिवक्ता नियुक्त गरेको राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए । आइतबारमात्रै महान्यायाधिवक्ता रमेश बडालले दिएको राजीनामा राष्ट्रपति रामचन्दै पौडेलले स्वीकृत गरेका थिए ।

योसँगै मुलुकले पहिलोपटक महिला महान्यायाधिवक्ता पाएको छ । यसअघि अहिलेसम्म महान्यायाधिवक्तामा महिलाको प्रतिनिधित्व भएको थियो । प्रधानमन्त्री कार्कीले पहिलो महिला प्रधानमन्त्रीको इतिहास रचेकी थिइन् । उनी पहिलो महिला प्रधानन्यायाधीश पनि हुन् । उनै कार्कीले महान्यायाधिवक्तामा पनि महिला नै नियुक्त गरेकी छिन् ।

## सुमनाले छाडिन् रास्वपा

बुटवल । पूर्व मन्त्री सुमना श्रेष्ठले आइतबार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) छाडेकी छन् ।

आफूले पार्टीलाई गल्ती सुधार गर्न पटक-पटक आग्रह गर्दा पनि कुनै सुनुवाइ नभएपछि पार्टी परित्याग गर्न बाध्य भएको श्रेष्ठले बताइन् ।

‘कहिल्यै गल्ती नस्वीकार्ने । गल्तीमाथि गल्ती गरिरहने र त्यसको बोझ पार्टीका सबैले बोकिदिनुपर्ने । पार्टीभित्र आलोचना गर्नेहरूका विरुद्धमा मिडिया ट्रायल गर्ने । जहिलेदेखि राष्ट्रिय स्वतन्त्र पार्टीले देशभन्दा माथि पार्टी र पार्टीभन्दा माथि नेतालाई राख्न थालेको हो, त्यतिबेलादेखि नै आलोचना गर्दै आएको हुँ’ रास्वपा परित्यागपछि फेसबुकमा लेखेकी छन्-‘तर त्यसले कत्ति पनि फरक पारेन । अझ उल्टै मिडिया ट्रायल हुन थाल्यो । यो स्वीकार्य छैन । अब खुलारूपमा आक्रमण गर्ने हो भने पनि सजिलो बनाइदिएको छु । मनलाग्दी चलुञ्जेल मनलाग्दी गर्नुहोला ।’

यस क्रममा पूर्वशिक्षामन्त्रीसमेत रहेकी श्रेष्ठले कांग्रेस-एमालेलगायत पार्टीका तेस्रो पुस्ताका नेतालाई पनि आफूले जस्तै विचार गर्न सुझाव दिएकी छन् ।

‘मैले पार्टी छाडेँ । कांग्रेस-एमालेलगायतका पार्टीका तेस्रो पुस्ताका नेताहरू पनि यो सोच्नुहोस्,’ उनले भनिन्-‘आजको दिनको परिस्थिति आउन तपाईंहरूको भन्दा बढी तपाईंहरूको नेतृत्वको बेहोराले हो । त्यो किन बोकेर बस्नुहुन्छ ? अहिले सही समय आएको छ । आफ्ना नेताहरूलाई पूजा गर्न बन्द गर्नुहोस् । कि हटाउनुहोस्, कि हट्नुहोस् ।’

# रूपन्देहीका कार्यालयहरूमा सेवा सुचारू, क्षतिको विवरण संकलन हुँदै



भैरहवा । रूपन्देहीका कार्यालयहरु सुचारु भएका छन् । जेनजी समूहले गरेको आन्दोलनपश्चात् रोकिएको सरकारी कार्यालयका सेवा प्रभाव आइतबारबाट सुचारु भएको हो । सुरक्षित कार्यालयहरुबाट पूर्ण नियमित सेवाहरु र क्षति ग्रस्त कार्यालयहरुबाट आंशिक रुपमा सेवाहरु प्रवाह भइरहेको छ ।

भैरहवाको आन्तारिक राजस्व कार्यालय, भैरहवा भन्सार कार्यालयलगायतको धेरै क्षति भएका कार्यालयले कार्यालय परिसरबाट आंशिक सेवा सुरु गरेको छ । बन्द भएको भैरहवा भन्सार कार्यालयले अत्यावश्यक बस्तुको आयात र निर्यात बिहीबारबाट सुरु गरेको हो । तोडफोड र आगजनीका कारण ठप्प भएको भन्सार कार्यालयको सेवा जे जस्तो अवस्थामा भए पनि आयत निर्यात प्रभावित गर्नु हुँदैन भन्ने उद्देश्यले बाहिर टेन्ट टागेर भए पनि सेवा दिँदै आएको छ । प्रदर्शनकारीले कार्यालयमा क्षति पुऱ्याए पनि त्यसको वैकल्पिक व्यवस्था गरी आगजनीबाट ध्वस्त भएका संरचनाका बाबजुद पनि अत्यावश्यक सामग्रीहरू निर्यात आयात गरिरहेको भन्सार कार्यालयका प्रमुख शिवलाल न्यौपाने जानकारी दिए ।

भन्सार कार्यालय अगाडि टेन्ट टागेर ल्यापटपबाट सेवा दिइरहेको छ । डिजिटल सिस्टममा अवरोध भएपछि म्यानुअल भए पनि भन्सार जाँचपासको काम भइरहेको छ ।

आन्दोलनको क्रममा सरकारी र गैरसरकारी दुवै क्षेत्रमा क्षति भएको छ, कहि पूर्णक्षति भएको छ भने कहि आंशिक क्षति भएको छ । सबैको लगत संकलनको काम सुरु भएको छ । केही सरकारी कार्यालय जलाइएको छ भने तोडफोड पनि भएका छन् । क्षति भएका कार्यालयहरुमा परिसरमा अस्थायी रुपमा टेबल, कम्प्युटर राखेर सेवा गरिएको छ । त्यस्ता कार्यालयमा आएको सेवाग्राहीको निवदेन लिने, सेवाबारे जानकारी दिने, दर्ता गर्ने नाम र नम्बर संकलन गरेर सेवाको सूचना दिने गरी व्यवस्थापन गरिएको प्रमुख जिल्ला अधिकारी डाक्टर टोकराज पाण्डेले बताए ।

अन्य सामान्य रहेको कार्यालयहरुमा नियमित सेवा प्रवाह भइरहेको छ । निजी क्षेत्र विवरण आउन केही समय लाग्ने भए पनि सरकारी तथा सार्वजनिक क्षेत्रको क्षतिको विवरण सोमबारसम्म संकलन गरिने छ । जिल्लाको सम्पूर्ण कार्यालयहरुको अवस्था बुझ्नकै लागि जिल्ला प्रशासन कार्यालय आइतबार बैठक समेत राखेको उनले जानकारी दिए ।

मुचुल्का र लगत तयार गर्नुपर्ने भएको कारणले क्षतिको पूर्ण विवरण सोमबारसम्म मात्रै आउने प्रजिअ पाण्डेले बताए । क्षतिको विवरणबारे चासो राख्दै सेवा प्रवाहलाई रोक्न नहुने गरी काम गर्न र नम्र भएर काम गर्न सबैलाई अनुरोध गरे ।

यसै क्रममा प्रजिअ पाण्डेले भैरहवास्थित सिद्धार्थनगर नगरपालिकाको समेत निरीक्षण गरेका छन् । आन्दोलनकारीले क्षति गरेको सो कार्यालयको अवस्थाबारे बुझ्न स्थलगत निरीक्षण गरेका हुन् । उनले नगरप्रहरी र कर्मचारीहरुको कामको प्रशंसा गर्दै कार्यालय जोगाउने कार्यमा उत्कृष्ट काम गर्ने कर्मचारीहरुलाई नगरपालिकाले पुरस्कृत गर्न समेत आग्रह गरे ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# छिटो मन्त्री नियुक्त गर

प्रधानमन्त्री शुसीला कार्की नियुक्त भएको दुई दिन बित्दा समेत मन्त्रिपरिषद्का अरु सदस्यबारे अन्यौल कायमै हुनु संकटको यो विषम अवस्थामा स्वभाविक होइन् । मुलुकको गृहप्रशासन क्षतविक्षत भएको छ, पूर्वाधार मात्रै नभई प्रहरीको खस्केको मनोबल उकास्ने नेतृत्व जति छिटो आवश्यक छ, अरु महत्वपूर्ण मन्त्रालयले नेतृत्व छिटो पाउँदा सरकारले गति लिन सक्छ ।

प्रधानमन्त्री नियुक्त भएपछि शुसीला कार्कीले दिनुपर्ने प्राथमिकता हो, मन्त्रिपरिषद्का सदस्यको चयन । सबै सम्भव नभए पनि महत्वपूर्ण मन्त्रालयको नेतृत्वका बारेमा निर्णय लिन जति ढिलाइ हुन्छ, सरकारको काममा समस्या पर्छ । गृह, अर्थलगायत महत्वपूर्ण मन्त्रालयको नेतृत्वमा जाने व्यक्तिबारे प्रधानमन्त्रीले लिने निर्णयले सरकारको आगामी मार्गचित्र छिटो स्पष्ट हुन्छ । आगामी ६ महिनाभित्र चुनाव गराउनुपर्ने महत्वपूर्ण जिम्मेवारीसँगै मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारसहित विभिन्न प्रशासनिक केन्द्रमा आगजनी भएको र त्यसले भएको क्षतिले प्रशासनिक निकाय काम गर्नै नसक्ने अवस्थामा छन् । सर्वोच्च अदालतमा भएको आगजनीले यहाँ पाल टाँगेर काम सुरु गरिएको छ । काठमाडौंका विभिन्न प्रहरी कार्यालयसहित विभिन्न जिल्लाका प्रहरी कार्यालयमा भएको क्षति र लुटिएका हतियारका कारण प्रहरीको मनोबल खस्केको छ । विभिन्न कारागारका कैदी बन्दी भागेर विभिन्न ठाउँमा पुगेकाले समाज त्रस्त छ । अहिले विभिन्न ठाउँमा समुदायले प्रहरीलाई सहयोग गरी काम गर्ने वातावरण तयार गर्दैछ । आगजनी भएको भवन मर्मतको लागि समुदायले पैसा संकलन गरी प्रहरीलाई बस्न योग्य बनाउने र अन्य आवश्यक सहयोग गरी प्रहरी-समुदाय सहकार्यले संकटमा परेको प्रहरीलाई साथ मिलेको छ । समुदायको यो सकारात्मक कार्यलाई अझ बढाउन आवश्यक छ । त्रस्त र आतंकित समुदायलाई साथै लिएर अघि बढ्नको लागि पनि गृहमन्त्रालयको नेतृत्व छिटो चाहिन्छ । अर्को महत्वपूर्ण अर्थ मन्त्रालयको नेतृत्वको लागि योग्य पात्रको खोजी गर्न ढिलाइ गर्न हुन्न । अर्थमन्त्रालयको नेतृत्व परिपक्क र इमान्दार भयो भने निजी क्षेत्रको खस्केको मनोबल उकास्न सक्छ । अन्तर्राष्ट्रिय समुदायसँग सहयोग लिनसक्छ ।

प्रधानमन्त्री एक्लैले लामो समय मुलुकको शासन व्यवस्था सम्हाल्दा अराजक समाज झनै अराजक बन्ने जोखिम छ । प्रधानमन्त्री नियुक्त भएपछि आगजनी भएका प्रहरी कार्यालयको निरीक्षण र अस्पतालमा उपचाररत घाइतेलाई भेट गरी प्रधानमन्त्रीले वस्तुस्थिति बुझ्नु भएको छ । अब कम्तिमा महत्वपूर्ण मन्त्रालयमा मन्त्री नियुक्त गर्न ढिलाइ गर्न हुन्न । मुलुकमा छिटो लयमा हिंडाउन सक्दा समाजले शान्ति र चयनको शास फेर्न सक्छ । समाजलाई लयमा हिंडाउनका लागि प्रधानमन्त्रीले आफ्ना सारथीहरु छिटो चयन गर्नु अनिवार्य छ ।

# फोहोर व्यवस्थापनका चुनौती



डा. कृष्णप्रसाद पाण्डे

*दोस्रो विश्व युद्धपछिको आर्थिक उछाल, शहरीकरण र जनसंख्या वृद्धिले 'फोहोरको हिमस्खलन' निम्त्यायो । यसो हुनुमा औद्योगिक उत्पादन र व्यक्तिगत उपभोगमा भएको वृद्धिको परिणाम थियो । यसले फोहोरमैला व्यवस्थापनमा थप व्यवस्थित दृष्टिकोणको आवश्यकता देखायो । यसले गर्दा केवल विसर्जन विधिमा सीमित फोहोर व्यवस्थापनको विषयमा परिवर्तन आवश्यक भयो । तसर्थ आधुनिक फोहोरमैला व्यवस्थापनको ऐनहरूमा फोहोरको व्यवस्थापनमा रोकथाम, उपयोगी सामग्री र ऊर्जाको पुनर्प्राप्ति र वातावरणीय रूपमा सुरक्षित विसर्जनलाई प्राथमिकता दिएको पाइन्छ । फोहोरको रोकथाम गर्न कम फोहोर उत्पादन गर्ने प्रविधि, उत्पादनको पुनर्प्रयोग र पुनर्चक्रणका लागि डिजाइन समावेश हुन्छन् । परम्परागत विसर्जनभन्दा फोहोरबाट सामग्री र ऊर्जा पुनर्प्राप्तिलाई प्राथमिकता दिने लक्ष्यका निम्ति प्राविधिक र आर्थिक सम्भाव्यतामा ध्यान केन्द्रित गर्ने गरिन्छ । सामग्री र ऊर्जा पुनर्प्राप्ति गर्न नसकिने फोहोरलाई सार्वजनिक कल्याण र वातावरणको रक्षा गर्ने तरिकाले विसर्जन गर्न सुनिश्चित गरिन्छ ।*



फोहोरमैला व्यवस्थापन पर्यावरण संरक्षण र जनस्वास्थ्यका लागि महत्वपूर्ण तर जटिल र निरन्तर विकसित भइरहेको क्षेत्र हो । २१औँ शताब्दीमा विश्वले स्रोतको कमी र फोहोरको विस्फोटको दोहोरो चुनौती सामना गरिरहेको छ । सन् २०२३ विश्वका नगरपालिकाको ठोस फोहोरको उत्पादन करिब २.१ अर्ब टन रहेकोमा सन् २०५० सम्ममा यो बढेर ३.८ अर्ब टनसम्म पुग्ने अनुमान गरिएको छ । एक अध्ययनमा नेपालको ७७ जिल्लामा प्रतिव्यक्ति प्रतिदिन ०.२२३ किलोग्रामको दरले राष्ट्रिय औसत बराबर अनुमानित तीन हजार २३ टन बराबर नगरपालिकाको ठोस फोहोर उत्पादन हुन्छ । यसमा ६५ प्रतिशत कम्पोस्ट हुने सम्भावना भएको जैविक फोहोर छ भने २५ प्रतिशत प्लास्टिक, धातु र कागज जस्ता रिसाइकल गर्न सकिने सामग्री छन् । फोहोरबाट स्रोतको पुनर्प्राप्ति र वातावरणीय प्रभावलाई कम गरी दिगो विकास प्राप्त गर्न प्रभावकारी फोहोर व्यवस्थापन आवश्यक छ । फोहोरको व्यवस्थापनले स्वच्छता, स्वास्थ्य र उत्पादकत्वमा प्रभाव पार्दै जीवनको सम्पूर्ण गुणस्तरलाई समेत उल्लेखनीय रूपमा प्रभाव पार्छ । फोहोरको अपर्याप्त व्यवस्थापनले नदी र समुद्रलगायत सम्पूर्ण जीवमण्डललाई प्रदूषित गर्छ र यसले दिगो विकासमा ठुलो अवरोध पैदा गर्छ । तसर्थ दिगो फोहोर व्यवस्थापनको अभ्यास कार्यान्वयन गर्नु सम्पूर्ण राष्ट्रमा एक आसन्न आवश्यकता र चुनौती रहेको छ ।

**ऐतिहासिक सन्दर्भ**

फोहोर व्यवस्थापन प्राचीनकालका साधारण विसर्जन विधिमा सीमित थियो । कीट, गन्ध र जङ्गली जनावरहरूको समस्या कम गर्न मानिसहरूले फोहोरमैलाको प्रारम्भिक व्यवस्थापन गर्न बस्तीहरू बाहिर फोहोर फाल्ने गरिन्थ्यो । त्यस समयमा फोहोर सङ्कलनका लागि माटोका भाँडाहरू र खाडलहरू प्रयोग हुन्थे । प्रारम्भिक प्रयासहरूको बाबजुद, प्लेग र हैजा जस्ता महामारीले शताब्दीयौँसम्म जनसंख्यालाई सताइरह्यो । १५औँ शताब्दीसम्म सहरका परिषद्ले सडक सफा गर्न र सरसफाइका नियमहरू लागु गरेनन् । १९औँ शताब्दीमा ब्याक्टेरिया र भाइरसहरू रोगका कारण हुन् भन्ने बुझाइले पानी र ढल प्रशोधनको माग बढायो । सार्वजनिक स्वास्थ्यको सरोकार र वातावरणीय चेतनाको विकाससँगै फोहोर व्यवस्थापन परिष्कृत प्रणालीमा विकसित भएको छ । प्रारम्भिक अभ्यास फोहोरको असुविधाबाट बच्नमा केन्द्रित थिए, जबकि पछि सरसफाइलाई रोगको रोकथामसँग जोडेकाले गर्दा यसलाई जलाउने इन्सिनेरेसनको संयन्त्र र यसबाट सामग्री पुनर्प्राप्ति गर्ने सुविधाहरूको निर्माण भयो ।

**आधुनिक चुनौती र लक्ष्य**

दोस्रो विश्व युद्धपछिको आर्थिक उछाल, शहरीकरण र जनसंख्या वृद्धिले 'फोहोरको हिमस्खलन' निम्त्यायो । यसो हुनुमा औद्योगिक उत्पादन र व्यक्तिगत उपभोगमा भएको वृद्धिको परिणाम थियो । यसले फोहोरमैला व्यवस्थापनमा थप व्यवस्थित दृष्टिकोणको आवश्यकता देखायो । यसले गर्दा केवल विसर्जन विधिमा सीमित फोहोर व्यवस्थापनको विषयमा परिवर्तन आवश्यक भयो । तसर्थ आधुनिक फोहोरमैला व्यवस्थापनको ऐनहरूमा फोहोरको व्यवस्थापनमा रोकथाम, उपयोगी सामग्री र ऊर्जाको पुनर्प्राप्ति र वातावरणीय रूपमा सुरक्षित विसर्जनलाई प्राथमिकता दिएको पाइन्छ । फोहोरको रोकथाम गर्न कम फोहोर उत्पादन गर्ने प्रविधि, उत्पादनको पुनर्प्रयोग र पुनर्चक्रणका लागि डिजाइन समावेश हुन्छन् । परम्परागत विसर्जनभन्दा फोहोरबाट सामग्री र ऊर्जा पुनर्प्राप्तिलाई प्राथमिकता दिने लक्ष्यका निम्ति प्राविधिक र आर्थिक सम्भाव्यतामा ध्यान केन्द्रित गर्ने गरिन्छ । सामग्री र ऊर्जा पुनर्प्राप्ति गर्न नसकिने फोहोरलाई सार्वजनिक कल्याण र वातावरणको रक्षा गर्ने तरिकाले विसर्जन गर्न सुनिश्चित गरिन्छ ।

**फोहोर प्रशोधन र विसर्जन**

फोहोर व्यवस्थापन स्थिर होइन बरु वातावरणीय संरक्षण, स्रोतको पुनर्प्राप्ति र सार्वजनिक स्वास्थ्य सुधार गर्न निरन्तर प्रविधिको नवप्रवर्तनद्वारा प्रेरित गतिशील क्षेत्र हो । यो विगतका चुनौती र नियमको माग अनुसार विकसित हुँदै जान्छ । फोहोरको कारण सार्वजनिक स्वास्थ्यमा उत्पन्न चासोको कारण सन् १८७६ मा सर्वप्रथम इन्सिनेरेसन संयन्त्र स्थापना भएको थियो । प्रारम्भिक इन्सिनेरेसन प्रविधिले हानिकारक वायु प्रदूषण गर्‍यो । पछि यसबाट निस्कने ग्यास जस्तो सल्फरडाइअक्साइड कम गर्ने उपकरण जोडेर निरन्तर सुधार गरियो । आधुनिक इन्सिनेरेसन संयन्त्रमा फोहोरलाई ऊर्जामा रूपान्तरण गर्ने प्रणालीहरू समावेश छन् । खतरनाक फोहोर र अन्य विशेष फोहोरका निम्ति इन्सिनेरेसन प्रविधिको विकास भइरहेको छ ।

फोहोरमा भारी धातु र अन्य अशुद्धिको वृद्धि भएपछि कम्पोस्टिङमा चुनौती आएसँगै जैविक फोहोरलाई अलग गरेर मात्र गुणस्तरीय कम्पोस्ट उत्पादन सम्भव भयो । कम्पोस्टिङका आधारभूत सिद्धान्त, प्रविधि र गुणस्तर सुधारका उपाय क्रमशः विकास हुँदै जाँदा यसैसँग बायोग्याँस उत्पादन गर्ने एनोरोबिक प्रक्रियाको विकास भएको छ । अन्य उदीयमान प्रविधिमा पाइरोलिसिस र ग्यासिफिकेसन प्रविधिले थर्मल प्रशोधनको विकल्प प्रदान गरेका छन् । प्लास्टिक र टायर जस्ता छुट्टै सङ्कलित विशेष फोहोरका निम्ति यी प्रविधि प्रभावकारी हुन सक्छन् । रासायनिक/भौतिक प्रक्रियाबाट गरिने फोहोरको प्रशोधनले खतरनाक फोहोरमा रहेको विषाक्त पदार्थलाई न्यूनीकरण र स्रोतको पुनर्प्राप्तिमा सहयोगी बन्न सक्छ । क्रोमेट, साइनाइड, नाइट्राइट जस्ता विषाक्त पदार्थहरूको विशेष उपचारका निम्ति प्रविधिको विकास हुँदैछ । फोहोरको सुरक्षित विसर्जनका निम्ति प्रारम्भिक डम्पबाट आधुनिक उन्नत किसिमको स्यानिटरी ल्यान्डफिलको विकास भएको छ । यसमा कम्पोजिट र माटोको पत्र, ल्यान्डफिल कभर र लिचेट सङ्कलन प्रणाली समावेश छन् । लिचेटको सङ्कलन र उपचार तथा ल्यान्डफिलबाट ग्यासको सङ्कलन जस्ता प्रविधिको विकास भएको छ । त्यसै गरी खतरनाक फोहोरका निम्ति विशेष ल्यान्डफिलको डिजाइन र व्यवस्थापन गरिएको पाइन्छ ।

**फोहोर व्यवस्थापनमा एकीकृत दृष्टिकोण**

स्रोतको दिगो उपयोग र वातावरणीय प्रभावलाई न्यून गर्दै प्रभावकारी फोहोर व्यवस्थापनका लागि सामग्रीको सम्पूर्ण जीवनचक्रलाई विचार गर्नु पर्छ । यसमा उत्पादन र उपभोगदेखि सङ्कलन, स्थानान्तरण, प्रशोधन र अन्तिम विसर्जनसम्मका कुरा समावेश हुन्छन् । फोहोरको रोकथामलाई प्राथमिकतापछि पुनर्प्राप्ति (सामग्री र ऊर्जा) र अन्त्यमा वातावरणमैत्री विसर्जनलाई प्राथमिकता दिनु पर्छ । फोहोर व्यवस्थापन प्रविधिमार्फत परिवर्तनशील फोहोरको संरचना, बढ्दो मात्रा र कडा वातावरणीय नियमलाई सम्बोधन गर्न निरन्तर विकास गर्नु पर्छ । इन्सिनिरेसन, कम्पोस्टिङ, पाइरोलिसिस, रासायनिक/भौतिक उपचार र ल्यान्डफिल इञ्जिनियरिङमा नवप्रवर्तन आवश्यक छन् । उचित फोहोर व्यवस्थापनको अभ्यास लागु गर्न, उत्पादकको जिम्मेवारी बढाउन र फोहोर घटाउने तथा पुनर्चक्रणलाई प्रोत्साहन गर्न कडा वातावरणीय कानुन, नियम र नीतिहरूको भूमिका रहन्छ । पुनर्चक्रण र पुनर्प्राप्ति कार्यक्रमको सफलता स्रोतमा फोहोरको प्रभावकारी पृथकीकरण र सक्रिय सार्वजनिक सहभागितामा निर्भर गर्छ ।

शिक्षा, सुविधाजनक सङ्कलन प्रणाली र आर्थिक प्रोत्साहनले फोहोरको पृथकीकरण र पुनर्चक्रण दर सुधार्न महत्वपूर्ण भूमिका खेल्छन् । सार्वजनिक स्वास्थ्य र वातावरणको सुरक्षा गर्न खतरनाक फोहोरका निम्ति विशेष उपचार, विसर्जन प्रविधि र पुनर्प्रशोधन आवश्यक हुन्छ । भविष्यमा ल्यान्डफिल क्षमताको सीमितता, फोहोरका सुविधाको सार्वजनिक स्वीकृति र फोहोर रोकथाम संस्कृतिको आवश्यकता जस्ता चुनौती जारी रहने छन् । साथमा उत्पादन पुनर्डिजाइन, प्रणालीगत विघटन र स्रोतको उन्नत पुनर्प्राप्तिका प्रविधिमा अवसर पनि छन् । फोहोर व्यवस्थापन एक जटिल र गतिशील क्षेत्र हो, जसले प्राविधिक नवप्रवर्तन, नियामक संरचना, वातावरणीय संरक्षण र सामाजिक सहभागिताबिच सन्तुलन कायम गर्दै वर्तमान र भविष्यका पुस्ताका लागि दिगो र प्रभावकारी फोहोर व्यवस्थापन सुनिश्चित गर्नु पर्छ । दिगो र प्रभावकारी समाधान विकास र कार्यान्वयन गरेर फोहोरबाट जनस्वास्थ्य र वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव कम गर्दै मानवकल्याण र जीवनको गुणस्तर सुधार गर्न सरकार, उद्योग, वैज्ञानिक, इन्जिनियर र जनताको सहकार्य आवश्यक छ । गोपबाट

# किन धेरै मानिस आँखा सुक्खा हुने समस्याबाट पीडित छन्, कसरी बच्ने ?

तपाईँको आँखालाई निरन्तर रूपमा अप्ठ्यारो हुन्छ, चिलाउँछ, आँखामा आँसु आउँछ वा प्रकाशबाट प्रभावित हुन्छ भने तपाईँलाई आँखा सुक्खा हुने समस्या भएको हुन सक्छ ।

यो त्यति धेरै गम्भीर समस्या त होइन । तर त्यसले तपाईँलाई दिक्क बनाउन सक्छ । यसले करिब ५ देखि ४० प्रतिशतसम्म मानिस प्रभावित भएका बताइन्छ ।

विभिन्न कारणले आँसुको झिल्लीमा गडबडी उत्पन्न भएपछि यस्तो समस्या आउन सक्छ । आँसुको झिल्ली लिपिडको तह, पानीको तह र चिप्लो पदार्थको तह, म्युकस मिलेर बनेको हुन्छ ।

यी तीन तहको सम्मिश्रणले आँखाको सतहलाई सफा र चिप्लो बनाइराख्छ । यीमध्ये कुनै एक तहमा आएको गडबडीले आँखामा सुक्खापनको समस्या निम्तिन सक्छ ।

यस्तो समस्या हुनुका विभिन्न कारण हुन सक्छन् । अटो इम्यून रोग, केही किसिमका औषधिको प्रयोग, कन्ट्याक्ट लेन्सको प्रयोग र होर्मोनमा आएको गडबडी त्यस्तै केही कारण हुन् ।

साउथ ह्याम्पटन विश्वविद्यालयमा आँखा रोगका प्राध्यापक परबेज हुसैनले बीबीसीलाई बताएअनुसार यस्तो हुनुमा धेरैजसो मेबोमिअन ग्रन्थिमा आएको खराबी हो ।

यी ग्रन्थि आँखाका परेलामा हुन्छन् र आँसुको झिल्ली बनाउने लिपिडहरू बनाउने काम गर्छन् जसले यी तत्त्वहरू वाष्पीकरण हुनबाट रोक्छन् ।

हुसैन भन्छन्-"जब तिनले राम्ररी काम गर्दैनन्, आँसुको तह अस्थिर बन्छ र सोचेभन्दा छिटो हराउँछ ।"

कहिलेकाहीँ आँखाले थोरै आँसु बनाउँदा वा कमसल आँसु बनाउँदा पनि यस्तो समस्या आउँछ ।

हामीले सुरुमा भनेका लक्षणका साथै सुक्खा आँखाका कारण दृष्टि धमिलो हुने, आँखा रातो हुने र दुख्ने पनि हुन सक्छ ।

वातावरणमा सुक्खापन बढी हुनु, हावा र धुलोका कारण र स्क्रीनमा लामो समय हेर्दा पनि यो सुक्खापनको समस्या आउन सक्छ ।

वातावरणमा हुने सुक्खापन, हावा अथवा धुलोका साथै लामो समयसम्म स्क्रीनको प्रयोगले सबै लक्षणहरू झन् खराब देखिन सक्छन् ।

कम्प्युटरमा केन्द्रित हुँदा हामी कति पटक आँखा झिम्काउँछौँ त्यसमा कमी आउँछ ।

आँखालाई सफा गर्न र आँसुलाई समान रूपमा वितरण गर्नका निम्ति उक्त प्रक्रिया आवश्यक हुन्छ ।

आँखा थोरै पटक झिम्काउँदा आँसुको तह वाष्पीकरण हुने प्रक्रिया तेज हुन पुग्छ ।

आँखाको सुक्खापनको समस्याबाट अधबैँसे मानिस बढी पीडित हुन्छन् भने सामान्यतया पुरुषभन्दा महिला बढी जोखिममा हुने पाइएको छ ।

"हामीले गरेको अध्ययनअनुसार ५५ वर्ष हाराहारीका मानिस र अझ खास गरी महिनावारी बन्द हुन लागेका महिला बढी पीडित हुने गरेको देखिन्छ ।"- हुसैनले भने ।

मेबोमिअन ग्रन्थिमा होर्मोनको असरका कारण त्यो हुने गर्छ ।

यद्यपि हुसैनका अनुसार डिजिटल सामग्रीको अत्यधिक प्रयोगका कारण कम उमेरमा पनि त्यो समस्या देखिन थालेको छ ।

हिजोआजको जीवनशैली, उक्त रोगबारे बढ्दो जनचेतना लगायतका कारणले बिरामीको संख्या बढिरहेको देखिन्छ ।

**आँखाकै कारण**

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालस्थित आँखा रोग विशेषज्ञ डा. रञ्जु खरेलका अनुसार आँखाकै कारणले पनि सुक्खापन हुन सक्छ ।

आँखासम्बन्धी कुनै रोग भयो भने सुक्खापन हुन्छ ।

उनकाअनुसार आँखामा एलर्जी छ अथवा आँखाको ढकनी सुन्निने समस्या छ भने त्यसले पनि सुक्खापन निम्तिन्छ । "आँखाको सुक्खापन निम्त्याउन सक्ने आँखाकै रोग पनि हुन सक्छ ।"

आँखाको सुक्खापन भनेको आँसुको ग्रन्थि ल्याक्रिमल ग्रन्थीले आँसु बनाइरहेको छैन भन्ने हो । भिटामिन 'ए'को कमी भएका व्यक्तिमा सुक्खापनको समस्या हुन सक्छ । मधुमेह, थाइराइड र बाथ रोगका बिरामीमा पनि हुन सक्छ । धूमपानले पनि आँखाको सुक्खापनको समस्या निम्त्याउन सक्छ ।

मानसिक स्वास्थ्यका बिरामीले सेवन गर्ने औषधिलगायत अरू कतिपय औषधिले आँखाको सुक्खापन निम्त्याउन सक्छ । हाम्रो वातावरणमा प्रदूषणको स्तर कस्तो छ त्यसमा पनि निर्भर गर्छ । हामीले एसी वा पंखा चलाउँदा पनि त्यसको असर पर्छ ।

विद्युतीय उपकरणको प्रयोग गर्दा आँखा प्राकृतिक रूपमा जति पटक झिम्कनुपर्ने हो त्यति पटक झिम्किन्न ।

नाटकीय रूपमा झिम्किने क्रम घट्न जान्छ । कुनैकुनै व्यक्तिमा दुई तिहाइले पनि घटेको हुन्छ ।

"आँखाको सतहमा आँसु बन्ने प्रक्रिया चलिरहेको छ । नयाँ आँसु बन्ने, त्यो आँसुले आँखाको सतहलाई भिजाउने र त्यसपछि पुरानो आँसु हराउने हुन्छ ।"- उनी भन्छिन् ।

आँखा झिम्किने दर कम हुनासाथ आँसु बन्ने चक्र टुट्छ । नयाँ आँसु नबन्ने भयो र भएको आँसु पनि वाष्पीकरण भएर जाने भयो ।

त्यसले गर्दा आँखामा सुक्खापन हुनुका साथै थाके जस्तो, दुखे जस्तो हुने र दिउँसो निद्रा लागिरहने जस्तो समस्या हुन्छ ।

**रोकथाम तथा उपचार**

आँखाको सुक्खापनबाट जोगिन संयुक्त राज्य अमेरिकास्थित एक गैरनाफामूलक, शैक्षिक एवं चिकित्सा अनुसन्धान संस्था मायो क्लिनिकका सुझाव निम्न बमोजिम छन्ः

**आँखामा सीधै हावा पर्नबाट जोगिने**

कोठा निकै सुक्खा रहेको बेला ह्युमिडिफाअरको प्रयोग गरी ओस्याउनुहोस् ।

लामो समय आँखालाई एकाग्र बनाएर गर्नुपर्ने काम भए आराम दिनुहोस् ।

आँसुको वाष्पीकरण घटाउनका लागि सुक्खा वातावरणमा आँखा बन्द गर्ने गर्नुहोस् । आँखाबाट सीधा पर्ने गरी कम्प्युटरको स्क्रीन राख्नुहोस् ।

धूमपान नगर्नुहोस् र यदि कसैले गरिरहेको छ भने टाढा बस्नुहोस् ।

आँखाको सुक्खापनको उपचारका लागि कृत्रिम आँसु वा लुब्रिकेटको प्रयोग गर्न सकिने हुसैन बताउँछन् ।

यूकेको न्याशनल हेल्थ सर्भिस मन तातो पानीमा नरम कपडा भिजाएर त्यसले परेला सफा गर्न र आँखा वरिपरि हल्का ढङ्गले पुछ्न सुझाउँछ ।

त्यसो गर्दा ग्रन्थिहरूले बनाएका बोसो पगाल्न सहयोग पुग्छ ।

औँला अथवा कपासले बिस्तारै परेलीको मसाज गर्दा पनि बोसो पग्लिन सघाउ पुग्न सक्छ ।

यी सरल उपायहरू एकसाथ अपनाउँदा अवस्था सुधार ल्याउन सकिन्छ । रोकथामका लागि सही जीवनशैली अपनाउन नेत्ररोग विशेषज्ञ खरेल सुझाउँछिन् ।

गर्मीमा एसी वा पंखा धेरै चलाउने वा सीधा आँखामा पर्ने गरी बस्नु हुँदैन ।

आँखाको सुक्खापनको समस्या हामीले खानेकुरासँग पनि सम्बन्धित रहेको उनी बताउँछिन् ।

खानेकुरामा भिटामिन 'ए' अथवा ओमेगा थ्री फ्याटी एसिडको कमीले पनि आँखाको सुक्खापन बढाउन सक्छ ।

मधुमेह, थाइराइडले सुक्खापन निम्याउने भएकोले ती रोगको नियन्त्रणले पनि सुक्खापन नियन्त्रणमा सघाउन सक्छ ।

हामीले लिइरहेको अर्को उपचारको औषधिले सुक्खापन निम्त्याइरहेको अवस्था हो भने चिकित्सकको परामर्शमा तिनलाई मोडिफाई गर्नुपर्ने हुन्छ ।

महिलाहरूले मेकअपका सामग्री प्रयोग गर्दा पनि ध्यान दिनुपर्ने हुन्छ । अर्को कुरा उमेर बढ्दै जाँदा आँसु बन्ने क्षमता कम हुँदै जान्छ । त्यो हिसाबले सुक्खापनको सम्भावना बढ्दै जान्छ । महिलाहरूमा महिनावारी हुन रोकिएपछि सुक्खापनको समस्या बढी हुन थाल्छ ।

सुक्खापनमा बेला प्रयोग गर्ने विभिन्न औषधि हुन्छन् । कतिपय औषधिलाई बिग्रिन नदिन रसायन प्रयोग गरिएका हुन्छन् तिनले पनि सुक्खापन निम्त्याउन सक्छ ।

त्यसैले चिकित्सकको परामर्शविना कुनै खालको औषधि प्रयोग नगर्न खरेलको सुझाव छ ।

कुन खालको सुक्खापनका लागि कुन खालको कृत्रिम आँसु ल्याउने औषधि प्रयोग गर्ने भन्नेबारे चिकित्सकको परामर्श लिनैपर्छ । बीबीसीबाट

# सीमान्तकृतलाई आयआर्जन कार्यक्रम



गुल्मी । जिल्लामा सीमान्तकृत वर्गका लागि आयआर्जन कार्यक्रम सञ्चालन गरिएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सहयोगमा चन्द्रकोट गाउँपालिका र सत्यवती गाउँपालिकामा दलित तथा सीमान्तकृत वर्गका नागरिकको जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको हो ।

लुम्बिनी प्रदेश सरकारअन्तर्गत कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको सहयोगमा दलित तथा सीमान्तकृत वर्गका लागि रु २० लाख अनुदान रकम उपलब्ध गराइएको छ । प्रदेश सरकारले सत्यवती र चन्द्रकोटमा लक्षित समुदायका परिवारको आयआर्जमा वृद्धि गर्दै उनीहरूको जीवीकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले लक्षित समुदाय विशेष आयआर्जन कार्यक्रम सञ्चालन गरेको हो ।

समुदाय विशेष आयआर्जन कार्यक्रमअन्तर्गत सत्यवती गाउँपालिका-३ स्थित ठूलोलुम्पेक र चन्द्रकोट गाउँपालिका-७ स्थित बोटेगाउँमा आर्थिक रूपमा विपन्न समुदायलाई लक्षित गरी उक्त कार्यक्रम सञ्चालन गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख हुमनाथ पाण्डेले जानकारी दिएका छन् ।

उनले सत्यवती गाउँपालिकामा दलित समुदायका २२ घरपरिवारलाई रु १० लाख र चन्द्रकोटमा सीमान्तकृत समुदायका लागि रु १० लाख अनुदान उपलब्ध गराइसकिएको बताए ।

उक्त अनुदानबाट लक्षित वर्गका किसानले सत्यवतीमा २२ वटा उन्नत जातका मुर्रा भैँसीका पाडी र चन्द्रकोटमा २० घरपरिवारले उन्नत जातका बाख्रापालन गरिरहेको सत्यवती गाउँपालिका-३ का वडाध्यक्ष जितबहादुर तरामु मगरले बताए । भेटेरिनरी कार्यालयबाट त्यस समुदायका किसानका लागि गोठ सुधार, औषधि उपचार एवं पशुपालनसम्बन्धी तालिम उपलब्ध गराउँदै आएको छ ।

सीमान्तकृत वर्गअन्तर्गत बोटेमाझीका २० घरलाई प्रतिपरिवार रु ५० हजार र सत्यवतीमा दलित समुदायका २२ परिवारका लागि रु ४५ हजारका दरले अनुदान उपलब्ध गराइएको छ । उक्त अनुदान रकमले त्यहाँका समुदायले यतिबेला भैँसी र बाख्रापालन गरेर आयआर्जन गर्न थालेका छन् ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट बाख्रापालनका लागि आधुनिक किसिमको खोर निर्माण, बिउबोका वितरण, घाँसका बिरुवा, जुकाको औषधि र भिटामिन उपलब्ध गराउनुका अतिरिक्त किसानलाई तालिमसमेत उपलब्ध गराएको छ ।

सत्यवती गाउँपालिकाका अध्यक्ष टीकाराम पाण्डेले लक्षित वर्गलाई प्रमुख प्राथमिकतामा राखेर सञ्चालन गरिएका यस्ता प्रकारका कार्यक्रमले दलित तथा सीमान्तकृत समुदायको आर्थिक अवस्था सुधारमा सहयोग पुग्ने बताए । कृषि तथा पशुपन्छी विकास कार्यक्रमअन्तर्गत जिल्लामा पहिलोपटक उक्त कार्यक्रम सञ्चालन गरिएको हो ।

# पश्चिम बागलुङका किसान आलु भित्र्याउन व्यस्त



बागलुङ । बागलुङको पश्चिम क्षेत्रका किसान यतिबेला आलु भित्र्याउने चटारोमा छन् । जिल्लाको निसीखोला, तामाखोला गाउँपालिकासहित ढोरपाटन र गलकोट नगरपालिकाको केही स्थानका किसानलाई आलु भित्र्याउन भ्याइनभ्याइ छ । अहिले बर्खे आलु भित्र्याउने याम रहेको हुँदा अधिकांश किसान बारीमा भेटिन्छन् । एउटै किसानले धेरै क्षेत्रमा आलुखेती गर्दै आएका छन् ।

आलु उत्पादनका हिसाबले प्रसिद्ध मानिने ढोरपाटन उपत्यका, निसीखोलाको भल्कोट, सीप, लुप्राबाङ, निसेलढोर, गलकोटको पाण्डवखानी, रमुवालगायत स्थानका किसान बारीमै भेटिने गरेका छन् । हरेक वर्ष बागलुङमा रु एक अर्ब बढीको आलु उत्पादन हुँदै आएको छ । यहाँका किसानले चैतमा आलु लगाउने र असोज पहिलो सातासम्म भित्र्याउने गर्छन् । यतिबेला ढोरपाटनका अधिकांश किसान आलु भित्र्याउनमा व्यस्त गरेको स्थानीय झकेन्द्र सुनारले बताए ।

एक साता अगाडिसम्म भारी वर्षा भइरहेको हुँदा बारीमा हिलोका कारण जान नसकेको भन्दै अहिले वर्षा रोकिएपछि किसानले धमाधम आलु भित्र्याउने काम गरिरहेको उनले बताए । आफूले ढोरपाटनमा करिब ७० रोपनी जग्गामा आलु लगाएको सुनाउँदै यस वर्ष राम्रो उत्पादन भएको सुनारले सुनाइ । ढोरपाटन क्षेत्रका किसानले असोज १० गतेसम्म आलु भित्र्याइसक्ने उनी बताउँछन् ।

सुनारले भने-"ढोरपाटनमा धेरै वर्ष अगाडिदेखि आलुखेती हुँदै आएको थियो, अहिले थप व्यवस्थित रूपमा जग्गा चक्लाबन्दी नै गरेर व्यावसायिक रूपमा खेती गर्न थालेका छौँ, परम्परागत खेती प्रणालीसँगै नयाँ प्रविधिको पनि प्रयोग गर्न थालेका छौँ, यस वर्ष आलु राम्रो फलेको छ, भदौ लाग्दाबाटै आलु भित्र्याउनुपर्थ्यो तर लामो वर्षा हुँदा अहिले चटारो छ, यहाँका कोहीलाई पनि यतिबेला फुर्सद छैन, धेरैजसो स्थानीयवासी बारीमा आलु निकाल्दै छन् ।"

निसीखोला-६ का स्थानीय कर्णबहादुर घर्तीले निरन्तरको वर्षाले आलु कुहिने जोखिम रहेको बताए । आलु भित्र्याउने समयमा परेको भारी वर्षाले अहिले बल्ल बारीबाट निकाल्न सुरु गरेको उनको भनाइ छ । यसपालि आलु लगाउने बेला लामो खडेरी परेको र खन्ने बेला भारी वर्षा हुँदा उत्पादनमा गिरावट आउने देखिएको घर्ती बताउँछन् ।

आलुखेती बढाउनका लागि जिल्लाभर क्षेत्र विस्तार गर्न थालिएको छ । बागलुङमा सबै ठाउँमा आलु राम्रो उत्पादन हुने हुँदा कृषि ज्ञान केन्द्रले बर्सेनि लाखौँ लगानी गर्दै आएको छ । आव २०८०/८१ देखि खायन आलुको क्षेत्र विस्तार गर्दै आएको कृषि ज्ञान केन्द्रका प्रमुख राजेश्वर सिलवालले जनाए । उनका अनुसार २०८०/८१ मा रु दुई करोड ६० लाख, २०८१/८२ मा रु एक करोड ५९ लाख र चालु आवमा रु ५५ लाख ९० हजार क्षेत्र विस्तार भएको छ ।

अहिले जिल्लाभर तीन हजार ७०० हेक्टरमा आलुखेती हुँदै आएको छ । यस वर्ष थप ४३ हेक्टर क्षेत्रफलमा आलुखेती विस्तार गर्ने ज्ञान केन्द्रले जनाएको छ । अघिल्लो वर्ष ५६ हजार २४० मेट्रिक टन आलु उत्पादन भएको थियो । यस वर्ष बढ्ने आकलन गरिएको प्रमुख सिलवालको भनाइ छ ।

# एकैसाथ डेङ्गी र सापुको जोखिम, कसरी जोगिने ?

गण्डकी । पछिल्लो समय गण्डकी प्रदेशका विभिन्न जिल्लामा डेङ्गी र 'सिजनल हाइपर एक्युट प्यानयुभाइटिस' (सापु)को सङ्क्रमण देखिएको छ । प्रदेशको स्वास्थ्य मन्त्रालयको पछिल्लो आँकडाअनुसार गत पुसयता प्रदेशका ११ वटै जिल्लामा गरी नौ सय ६४ जनामा डेङ्गीको सङ्क्रमण पुष्टि भएको हो ।

सबैभन्दा बढी कास्कीमा ५०३ र सबैभन्दा कम मुस्ताङ र मनाङमा एक/एक जनामा उक्त रोग देखिएको प्रदेशस्थित स्वास्थ्य मन्त्रालयले जनाएको छ । यस्तै गत सातादेखि सापुको सङ्क्रमण देखिन सुरु गरेको छ ।

पोखरास्थित हिमालय आँखा अस्पतालमा सूचना अधिकारी कुमार गर्बुजाका अनुसार बागलुङको ढोरपाटन नगरपालिकाका दुई, कास्कीको रुपा र माछापुच्छ्रे गाउँपालिकाका एक/एक र लमजुङका एक गरी हालसम्म पाँच जना बिरामी अस्पताल भर्ना भई उपचार सेवा लिएका छन् । दुई जना निको भएर घर फर्केका जनाउँदै उनले तीन जना उपचारकै क्रममा रहेका बताए । आगामी कात्तिक/मङ्सिरसम्म डेङ्गी र सापुको सङ्क्रमण फैलने जोखिम उच्च रहने भएकाले चिकित्सकले सावधानी अपनाउन सुझाव दिएका छन् । दुवै रोगको सङ्क्रमण वर्षायामपछि बढी देखिने गरेको छ ।

हिमालय आँखा अस्पतालका मेडिकल निर्देशक डा. बबिता गुरुङले सेतो पुतलीको संसर्गबाट लाग्ने सापुका कारण आँखाको दृष्टि गुम्नसक्ने भएकाले विशेष सावधानी अपनाउनुपर्ने बताइन् । "यो रोग लागेको ४८ घण्टादेखि ७२ घण्टासम्म उपचार नभएमा आँखाको दृष्टि नै गुम्न सक्छ ।"-उनले भनिन् ।

अस्पताल भर्ना भएकामध्ये आँखामा गम्भीर असर पुगेका तीन जनाको शल्यक्रिया गरिएको डा. गुरुङले जानकारी दिइन् । उनका अनुसार हालसम्म सापू रोग लाग्नुको मुख्य कारण सेतो पुतलीलाई मानिएको छ । अन्य जीवाणु र विषाणुका कारणले पनि यसको सङ्क्रमण हुने गरेको पाइएको उनको भनाइ छ ।

अस्पतालले सापुबाट जोगिन सेतो पुतलीको संसर्गबाट टाढै रहन, धेरै उज्यालो सेता बत्ती नबाल्न, साँझ र रातिमा घरको झ्यालढोका बन्द गर्न, बत्ती निभाएर झुलभित्र मात्र सुत्न, साँझपख बालबालिकालाई घर बाहिर जान नदिन सर्वसाधारणमा आग्रह गरेको छ ।

सापुको सङ्क्रमण भएमा एक्कासी एउटा आँखा मात्र रातो हुनु, चिप्रा लाग्नु, उज्यालोमा हेर्न नसक्नु, आँखामा सामान्य दुखाइ हुनु, आँखाको नानी सेतो हुँदै जानु, दृष्टि कमजोर हुनुलगायत लक्षण देखिने डा. गुरुङले बताइन् । "समयमै उपचार भएमा यो रोग पूर्णरूपमा निको हुन्छ, शङ्कास्पद लक्षण देखिएमा तुरुन्त अस्पताल गई जाँच र उपचार सुरु गर्नुपर्छ", उनले भनिन्- "उपचार ढिलो भएमा दृष्टि गुम्ने, आँखा सुक्ने खतरा हुन्छ ।"

असोजदेखि मङ्सिरसम्म सापूको सङ्क्रमण बढी देखिने गरेको डा. गुरुङले जानकारी दिइन् । पहिलोपटक सन् १९७५ मा पोखराको नारायणटारमा सापु रोग भेटिएको थियो ।

नेत्ररोग विशेषज्ञ डा. मदन उपाध्यायले यो रोग पत्ता लगाएका थिए । नेपालको मध्यपहाडी क्षेत्रमा यो रोगको सङ्क्रमण बढी देखिने गरेको छ । "दुई वर्षको अन्तरमा यो रोगको सङ्क्रमण देखिन्छ, सन् २०२३ पछि अहिले आएर बिरामी भेटिएका हुन्", डा. गुरुङले भनिन्-"सन् २०२१ मा पनि धेरै जनामा यो रोग देखिएको थियो ।"

सापू लाग्नुको यकीन कारण अझै पत्ता नलागेको उल्लेख गर्दै उनले बिरामीको रगतबाट वंशाणुगत अध्ययन गर्ने तयारी भइरहेको जानकारी दिइन् । अहिलेसम्मको अध्ययनले बत्तीमा झुम्मिने कालो धर्सा भएको सेतो पुतलीको रौँ र भुस आँखामा पुग्दा सापुको सङ्क्रमण हुने गरेको पत्ता लगेको उनको भनाइ छ । जटिल अवस्थाका बिरामीलाई आँखाभित्र औषधिको सुइँ लगाएर शल्यक्रियामार्फत् उपचार गर्ने गरिएको उनले बताइन् ।

सापूको सङ्क्रमण समुदायमा फैलन नदिन स्वास्थ्यमा सजगता अपनाउनुपर्नेमा डा. गुरुङले जोड दिइन् । सापुका बिरामीको हिमालय आँखा अस्पतालले निःशुल्क जाँच तथा उपचार गर्दै आएको छ । शल्यक्रियासहितका सबै सेवा निःशुल्क भइरहेको अस्पतालले जनाएको छ ।

पछिल्लो समय सापुसँगै डेङ्गीको सङ्क्रमणको पनि उच्च जोखिम रहेको धवलागिरि अस्पतालका चिकित्सक प्रभात सिंहले बताए । वर्षा रोकिएपछि घमाइला दिनमा यी रोगको सङ्क्रमण छिटो फैलने हुनाले सतर्कता अपनाउनुपर्नेमा उनले जोड दिए । लामखुट्टेको टोकाइबाट बच्नु डेङ्गी सङ्क्रमणबाट जोगिने उत्तम उपाय भएको उनको भनाइ छ ।

डेङ्गीबाट बच्न घर, कार्यालय र सार्वजनिकस्थलमा रहेका खाल्डाखुल्डी, पुराना टायर, ड्रम, भाँडाकुँडा आदिमा पानी जम्मा हुन नदिने र त्यस्ता स्थान भेटिएमा नष्ट गर्नुपर्ने चिकित्सक सिंहले सुझाव दिए । डेङ्गी सङ्क्रमणपछि बान्ता भइरहने, नाकबाट रगत आउने, कालो दिसा हुने, थकान लाग्नेलगायत लक्षण देखिए अस्पतालको विशेष निगरानीमा उपचार गर्नुपर्ने उनले जानकारी दिए । अधिकांश डेङ्गीका बिरामी सामान्य उपचार र हेरचाहपछि निको हुने गरे पनि कतिपयमा भने यसले जटिलता ल्याउने गरेको चिकित्सक सिंहले उल्लेख गरे । डेङ्गीबाट ज्यान जोखिममासमेत पर्नसक्ने भएकाले सामान्य रोग हो भन्ने लापरबाही नगर्न उनले सर्वसाधारणलाई आग्रह गरे ।

डेङ्गी हुँदा शरीरलाई प्रशस्त झोलिलो पदार्थ र आरामको जरुरी हुने पोखरा महानगरपालिकाका स्वास्थ्य महाशाखाका जनस्वास्थ्य निरीक्षक राजेन्द्र रेग्मीले बताए । डेङ्गी सङ्क्रमणका बेला आफूखुसी औषधि सेवन गर्न नहुने उनको भनाइ छ ।

जनस्वास्थ्य निरीक्षक रेग्मीका अनुसार 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टेको टोकाइबाट डेङ्गी सर्दछ । "चार प्रकारका भाइरसबाट मानिसमा डेङ्गी हुन्छ । उक्त लामखुट्टले जम्मा भएको सफा पानीमा फुल पार्ने र लार्भा जन्माउने गर्दछ । यो लामखुट्टेले दिनमा मात्र टोक्ने हुँदा दिउँसोको समयमा बढी सावधानी अपनाउनुपर्छ ।"-उनले भने ।

गत वर्षको तुलनामा यो वर्ष सङ्क्रमण दर कम देखिए पनि जोखिम भने अझै कायम रहेको जनस्वास्थ्य निरीक्षक रेग्मीले बताए । पोखरा गत वर्ष डेङ्गीको 'हटस्पट' बनेको थियो । उक्त वर्ष पोखरा महानगरपालिकामा मात्र आठ हजार ६०० जनाभन्दा बढीमा डेङ्गी सङ्क्रमण भएको थियो । डेङ्गी सङ्क्रमणबाट पोखरामा तीन जनाको मृत्यु भएको थियो ।

# गिद्धको संख्या बढ्दै, संरक्षणकर्मी उत्साहित

कञ्चनपुर । सुदूरपश्चिम प्रदेशमा गिद्धको संख्या विगतको तुलनामा क्रमशः बढ्दै गएको पाइएको छ । गिद्धको संख्या बढ्नुमा वातावरणीय सन्तुलन, स्वच्छता र खाद्य शृंखला कायम राख्नका लागि उत्साहजनक सङ्केतका रूपमा लिइएको छ ।

नेपाल पन्छी संरक्षण सङ्घ (बिसिएन)ले हरेक वर्ष सञ्चालन गर्ने गिद्ध गुँड अनुगमनअनुसार यस वर्ष सक्रिय गुँडको संख्या एक सय ५५ पुगेको छ, जुन गत वर्षको तुलनामा वृद्धि हो । बिसिएनका अनुसार गत वर्ष एक सय ४३ वटा सक्रिय गुँड भेटिएका थिए भने यस वर्ष बढेर एक सय ५५ पुगेका छन् । कञ्चनपुरमा सबैभन्दा बढी एक सय २६ गुँड फेला परेका छन् । त्यस्तै बैतडीमा १२, डडेलधुरामा १० र कैलालीमा सात गुँड भेटिएका छन् । यस वर्ष कञ्चनपुर र डडेल्धुरामा गुँड संख्या बढेको भए पनि कैलाली र बैतडीमा भने केही घटेको देखिन्छ ।

सुदूरपश्चिम प्रदेशमा नौ प्रजातिका गिद्ध पाइन्छन् । तीमध्ये अति सङ्कटापन्नमा पर्ने डङ्गर, सानो खैरो, लामो ठुँडे, सुन गिद्ध, सङ्कटापन्न सेतो गिद्ध र सङ्कटको नजिक रहेका हिमाली, हाडफोर, खैरो र राज गिद्ध रहेका छन् । कञ्चनपुरमा आठ प्रजाति र कैलालीमा सात प्रजातिका गिद्ध फेलापरेका छन् । यसले सुदूरपश्चिमलाई गिद्धका लागि महत्त्वपूर्ण आवास क्षेत्रका रूपमा चिनाएको छ ।

राष्ट्रिय गिद्ध गणना सेप्टेम्बर ५, ६ र ७ तारिखमा गरिएको थियो । सोही क्रममा गिद्ध र गुँडको संख्या एकिन गरिएको नेपाल पन्छी संरक्षण सङ्घका चराविज्ञ हिरूलाल डगौराले बताए । उनका अनुसार गणनाको उद्देश्य गिद्धको आधारभूत 'डाटाबेस' निर्माण गर्नु, राष्ट्रिय गिद्ध डाटाबेसलाई व्यवस्थित गर्नु र संरक्षणका लागि तथ्याङ्कीय आधार तयार गर्नु रहेको थियो ।

गणनामा ४८ स्वयंसेवक सुदूरपश्चिमका विभिन्न जिल्लामा खटिएका थिए । "टोलीले अवलोकन गरिएको स्थलको जीपीएस स्थानसमेत अभिलेख राखेको छ", उनले भने-"गिद्धबाहेक अन्य चराचुरुङ्गी र स्तनधारी जनावरको पनि विवरण सङ्कलन गरिएको छ ।"

यस वर्षको गणनामा सुदूरपश्चिम प्रदेशमा जम्मा पाँच सय ७३ गिद्ध भेटिएका छन् । चराविज्ञ डगौराका अनुसार गणनाका क्रममा सानो खैरो गिद्ध नौ, डङ्गर गिद्ध चार सय ४२, सुन गिद्ध १४, गोव्रे गिद्ध नौ, हिमाली गिद्ध ९४ र हाडफोर गिद्ध पाँचवटा देखापरेका छन् । लामो ठुँडे गिद्ध, राजगिद्ध र सानो खैरो गिद्ध हिउँदमा मात्र देखापर्ने भएकाले गणनमा समावेश गरिएको छैन ।

कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी, बाजुरा र दार्चुलामा गणना गरिएको थियो । सबभन्दा बढी कञ्चनपुर र कम दार्चुलामा भेटिएका छन् । गिद्ध आफैँ सिकार नगर्ने, तर मरेका जनावरको सिनो खाने चराका रूपमा चिनिन्छ । गिद्धलाई 'प्रकृतिको कुचीकार' पनि भनिन्छ ।

गिद्धले वातावरणलाई दुर्गन्धित र प्रदूषित हुनबाट जोगाउनुका साथै हैजा, आउँ, झाडापखाला, रेबिज, प्लेग, क्षयरोग, एनथ्राक्सजस्ता रोग फैलिनबाट नियन्त्रण गर्ने भूमिका निर्वाह गर्ने उनी बताउँछन् । संरक्षणकर्मीका अनुसार गिद्ध वातावरणीय चक्रको अभिन्न हिस्सा हुन् ।

खाद्य शृंखलामा सन्तुलन कायम राख्न गिद्धको उपस्थिति अपरिहार्य हुन्छ । यदि गिद्ध नहुने हो भने वातावरणीय प्रदूषणमात्र होइन, महामारीको जोखिम पनि बढ्ने खतरा रहन्छ ।

गिद्ध संख्या बढ्नु उत्साहजनक भए पनि संरक्षणकर्मीहरूले अझै पनि गिद्ध संवेदनशील अवस्थामा रहेको बताएका छन् । पशु उपचारमा प्रयोग हुने केही रासायनिक औषधि, गुँड नष्ट हुने गतिविधि, बासस्थान अतिक्रमण र वातावरणीय असन्तुलन गिद्ध संरक्षणका लागि प्रमुख चुनौतीका रूपमा रहेको चरा संरक्षणकर्मी सुवन चौधरी बताउँछन् ।

"विशेषगरी डाइक्लोफेनेकजस्ता औषधिको प्रयोगले गिद्ध मृत्युदर बढाउने गरेको छ", उनले भने-"यसका विकल्पलाई प्रोत्साहन गर्ने, पशुपालकलाई सचेत गर्ने र स्थानीय समुदायलाई संरक्षणमा सहभागी गराउने आवश्यकता देखिन्छ, समुदायमा गिद्धसम्बन्धी चेतना फैलाउने कार्यमा सक्रिय भएर लागेका पनि छौँ ।"

गिद्धको बढ्दो संख्या सकारात्मक सङ्केत भए पनि दीर्घकालीन संरक्षण रणनीति अपरिहार्य छ । गुँड संरक्षण, औषधि नियन्त्रण, बासस्थान व्यवस्थापन र स्थानीयस्तरमा सचेतना कार्यक्रमलाई प्राथमिकतामा राख्न सकेमात्र गिद्धको दीर्घकालीन रूपमा अस्तित्व सुनिश्चित गर्न सकिन्छ ।

**आगजनी...**

त्यस्तै, प्रदर्शनका क्रममा घाइते भएकाहरू अपांगको परिभाषाभित्र परेको खण्डमा पछिसम्म उपचारको व्यवस्था गर्ने निर्णय पनि भएको उनले बताइन् । 'पछिसम्म अपांगको परिभाषाभित्र परेछन् भने उपचारको सुविधाको व्यवस्था गर्ने भनेर यति हामीले गरेका छौं ।'-उनले बताइन् ।

निजी क्षेत्रमा पनि केही गर्न सकिन्छ कि भनेर कोशिस भइरहेको उनले जनाइन् ।

'प्राइभेट सेक्टरमा पनि केही गर्न सकिन्छ कि भनेर हाम्रा मित्रहरूले कोशिस गरिरहनु भएको छ ।'-उनले भनिन् ।

प्रधानमन्त्री सुशीला कार्कीले आफू रहरले नभएर विवशतापूर्वक यो पदमा आएको बताएकी छन् । ६ महिनामा चुनाव गराएर नयाँ सरकार र मन्त्रीहरूलाई दायित्व सुम्पिने उनको भनाइ छ ।

सिंहदरबारमा सचिवहरूसँगको परिचयात्मक कार्यक्रममा बोल्दै कार्कीले यस्तो बताएकी हुन् ।

उनले भनिन्-'म रहरले आएको होइन । सडकबाट, जताततैबाट फलानालाई, सुशीला कार्कीलाई जिम्मा दिऊँ भनेर आवाज उठ्यो । मैले विवश हुनुपर्‍यो । म कुनै सत्ताको रसस्वादन गर्न आएको होइन । मेरो उमेर पनि होइन त्यो ।' ६ महिनाभन्दा बढी नबस्ने अठोट गरेर आएको उनले बताइन् ।

'हामीले यो बेलामा किन सेवा नगर्ने भनेर हो । ६ महिना मात्रैको अवधि बस्ने र त्योभन्दा बढी नबस्ने भनेका छौँ । ६ महिनामा आफ्नो कामकारबाही गरेर मुक्त हुने र नयाँ आउने मन्त्रीहरूलाई जिम्मेवारी र दायित्व सुम्पिने अठोट गरेका छौँ । यो अठोटमा यहाँहरूको साथ नपाइकन सम्भव छैन । सुरक्षा निकायले पनि साथ नदिइकन सम्भव छैन । हेर्नुस्, मलाई सहयोग गर्नुस् ।'-कार्कीले भनिन् ।

**संसद...**

'संविधान बमोजिम जनताबाट लोकतान्त्रिक विधि अनुसार निर्वाचित देशकै सर्वोच्च प्रतिनिधिमूलक संस्था प्रतिनिधिसभाको विघटनको कार्य पूर्णरुपमा अलोकतान्त्रिक र असंवैधानिक छ,' खड्काले जारी गरेको विज्ञप्तिमा भनिएको छ-'यस कार्यले देशको संविधान, संविधानद्वारा प्रत्याभूत नागरिक अधिकार, संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक शासन व्यवस्था र समावेशी चरित्रको राज्य निर्माण गर्ने संविधानको भावनामा कुठाराघात भएको छ ।'

**रुपन्देहीका...**

नगरपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत जनक थापाले गाडीहरु पहिलै नै कार्यालयभन्दा बाहिर राखेकोले सुरक्षित गर्न सफल भएका छौँ । यस्तै कार्यालयको गेट तोड्न नसकेकोले ठूलो क्षतिबाट सिद्धार्थनगर बचेको बताए । कार्यालय परिसरमा भएको केही फर्निचर, बाहिरका केही कागजपत्र र बोर्डहरुमा क्षति पुगेको छ, कार्यालयका सिसाहरु फुटाए पनि ठूलो क्षतिबाट बचेको उनले जानकारी दिए ।

आन्दोलनमा रुपन्देहीका दर्जनौ सरकारी कार्यालयहरुमा क्षति पुगेको छ । कार्यालयका संरचना, दस्तावेज, कागजपत्र, कम्प्युटर, दर्जनौ गाडीहरुमा समेत ठूलो क्षति पुगेको छ ।

# कास्की, चितवन र म्याग्दी कारागारबाट फरार आठ कैदीबन्दी पक्राउ

ढोरपाटन । जिल्ला प्रहरी कार्यालय बागलुङले विभिन्न कारागार र बालसुधारगृहबाट फरार भएका आठ जना थुनुवा तथा कैदीबन्दीलाई पक्राउ गरेको छ । प्रहरीले बालसुधार केन्द्र सराङकोट, चितवन कारागार, पोखरा कारागार, म्याग्दी कारागार र केन्द्रीय कारागारबाट फरार भएका बन्दी तथा थुनुवालाई पक्राउ गरेको हो ।

बालसुधार केन्द्र सराङकोटबाट फरार भएका चार तथा चितवन, पोखरा, म्याग्दी र केन्द्रीय कारागारबाट फरार भएका एक/एक जना बन्दीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वसन्त पाण्डे जानकारी दिए । पक्राउ परेकामध्ये अधिकांशलाई मालढुङ्गा चेकपोष्ट र केहीलाई घरबाट नियन्त्रणमा लिएको उनले जनाए ।

पक्राउ परेका केहीलाई सम्बन्धित कारागारमा पठाएको जनाउँदै प्रहरी नायब उपरीक्षक पाण्डेले केहीलाई बागलुङमा राखिएको बताए । उनका अनुसार पक्राउ परेका चार कैदी र चार जना थुनुवा छन् ।

उनले भने-"जेनजी प्रदर्शनका क्रममा कारागारबाट धेरै कैदीबन्दी फरार भएका छन्, फरारभएकाहरूलाई बागलुङबाट पनि पक्राउ गरिरहेका छौँ,

अहिले पक्राउ परेका आठमध्ये छ जना जबर्जस्ती करणी र दुई जना ज्यान मुद्धाका आरोपी हुन्, निजहरूलाई सम्बन्धित कारगारमा पठाइरहेका छौँ ।"

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय ।**

**कम्पनीको दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना ।**

दर्ता नं. २२१९४२ मा दर्ता भएको एन.के.सी. निर्माण सेवा तथा सप्लायर्स प्रा.लि.को मिति २०७९/०४/३० मा सम्पन्न विशेष साधारण सभाले कम्पनीको दर्ता खारेजी गरिपाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनिले कसैसँग ऋण लिएको वा सो कम्पनीले कसैलाई कुनै रकम तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा नियमानुसार उक्त कम्पनीको दर्ता खारेजी गरिने व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ ।

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



**सीमामा सहजता :**
सीमामा सहजता हुनासाथ भैरहवा भन्सार हुँदै भारतबाट आएका मालवाहक ट्रकहरु। तस्विरः मोहम्मद हबिब/भैरहवा

# सरकारी संरचना आगजनीको छानबिन गर्न शक्तिशाली आयोग माग



बुटवल। जेन-जी पुस्ताको आन्दोलनको क्रममा सरकारी संरचनामाथि भएको तोडफोड र आगजनीको सम्बन्धमा छानबिन गर्न शक्तिशाली आयोग गठन गर्न कानुन व्यवसायीहरूले सरकारसँग माग गरेका छन्।

२३ र २४ भदौमा भएको जेन-जी पुस्ताको आन्दोलनको क्रममा मुलुकको मुख्य प्रशासनिक भवन सिंहदरबार, सर्वोच्च अदालत, संघीय संसद भवनलगायत सरकारी तथा निजी संरचना जलेर ध्वस्त भएका थिए। सरकारी संरचनामा भएको तोडफोड तथा आगजनी विषयमा छानबिन गरी दोषीलाई आवश्यक कारबाही गर्न उनीहरूले अन्तरिम सरकारको ध्यानाकर्षण गराए।

आइतबार सर्वोच्च परिसरमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै अधिवक्ता कीर्तिनाथ शर्मा पौडेलले सर्वोच्च अदालतको संरचनामाथि भएको आक्रमण न्यायको पवित्र मन्दिर र जनतामाथिको आक्रमण भएको बताए।

उनले आन्दोलनको नाममा अदालतका भवनहरूमा आक्रमण गरी जनतालाई न्याय पाउने अधिकारबाट वञ्चित गर्न खोजिएको उल्लेख गर्दै उनले यसको छानबिनका लागि शक्तिशाली आयोग गठन गर्न सरकारसँग माग गरे। उनले सर्वोच्च अदालत ३, ६ र ७ नम्बरबाहेक सबै रिटका मिसिलहरू ध्वस्त भएको उल्लेख गर्दै कानुन व्यवासायीहरूको रोजिरोटी समेत खोसिएको बताए।

उनले भने-'सर्वोच्च अदालतको संरचनामा भएको आक्रमण न्यायको पवित्र मन्दिरमाथिको आक्रमण त हुँदै हो। नेपाली जनतामाथि पनि अन्याय भएको छ। अस्तिको आन्दोलनबाट सर्वोच्चको रिट ३, रिट ६ र रिट ७ का मिसिलहरु सुरक्षित रहेको र बाँकी मिसिलहरु नष्ट भएको भन्ने मैले सुचना पाएँ। र यहाँको अवस्था एकदमै नाजुक छ।'

उनले थपे-'हामी कानुन व्यवसायीहरूको रोजिरोटी खोसिएको छ भने जनता न्याय पाउनुपर्ने अधिकारबाट बञ्चित गरिएका छन्। यो न्यायको मन्दिरमाथि बर्बर हमला हो र यसको जति निन्दा गरेपनि कम हुन्छ। र दोषीउपर कडभन्दा कडा कारबाही गर्नुपर्दछ। र अहिलेको अन्तरिम सरकारले जतिपनि राज्यका संरचनामाथि आक्रमण भएको छ, त्यसको छानबिनका लागि शक्तिशाली आयोग बनाएर यसमा संलग्नलाई कडाभन्दा कडा कारबाही गरिनुपर्दछ।'

नेपाल बार एसोसिएसनका अध्यक्ष डा. विजयप्रसाद मिश्रले तत्काल न्यायिक काम कारबाही प्रक्रिया अगाडि बढाउन असम्भव जस्तै भएको जनाए। उनले बस्ने ठाउँको निर्माण, काम गर्ने वातावरण र सुरक्षाको प्रबन्ध नहुँदासम्म काम सर्वोच्च र बारले प्रभावकारी काम गर्न नसकिने बताए। उनले जेन जी पुस्ताको आन्दोलनको उद्देश्यविपरित सर्वोच्च लगायत सरकारी संरचनामाथि भएको तोडफोड र आगजनीको निन्दा गर्दै यसको छानबिन गरी दोषीउपर कारबाही गर्नुपर्ने बताए।

सरकारले युवामाथि गोली चलाउँदा यस्तो स्थिति सिर्जना भएको समेत उनले टिप्पणी गरे।

उनले भने-'अहिले तत्काल काम गर्न असम्भव जस्तै छ। पहिले त काम गर्नको लागि बस्ने ठाउँ निर्माण गुर्नपर्यो। राम्रो वातावरण बन्नुपर्‍यो, सुरक्षाको प्रवन्ध हुनुपर्‍यो। त्यसपछि मात्र काम गर्ने कुरा आउँछ। अहिले यो जलेको र भत्किएको भवनमा काम गर्नसक्ने परिस्थिति छैन। यो सबै कसले कुन उद्देश्यले गरेको हो भन्ने अनुसन्धान हुनुपर्छ। जेनजीको शुरुमा मुलुकमा सुशासन कायम गर्न भ्रष्टाचारविरोधी आन्दोलन भन्ने मात्रै थियो। सरकारले बर्बरतापूर्वक गोली चलाएर हत्या गर्‍यो। र त्यसपछि यस्तो अवस्था सिर्जना भएको हो। यसको छानबिन गरिसकेपछि सबै कुराहरू होला।'

अधिवक्ता कमल कोइरालाले संकटको अवस्थामा समेत सर्वोच्च अदालतले काम सुचारु गरेर न्यायालय नागरिकसँगै रहेको सन्देश दिएको बताए। सबै निकायहरू यसरी नै एकजुट भएर विषम परिस्थितबाट माथि उठ्न जरुरी रहेको जनाए।

उनले भने-'अहिले बन्दी प्रत्यक्षीकरणको मुद्दाको निवेदन दर्ता गर्ने र आवश्यकताअनुसार त्यसको पेसी गर्ने भन्ने हेतुले सर्वोच्चले आफ्नो काम सुरु गरेको छ। न्यायालय जनताको साथमा छ भन्ने सन्देश दिनको लागि पनि सर्वोच्चले टेन्टमुनिबाट सेवा सुरु गर्नु आफैंमा अतुलनीय छ। अब हामी सबैले यसैगरी एकजुट भएर उठ्न जरुरी छ।'

आन्दोलनका क्रममा आगजनी गरिएको सर्वोच्च अदालतले आइतबारदेखि सेवा सुरु गरेको छ। अदालत भवन परिसरमा टेन्ट टाँगेर काम सुरु गरिएको हो। आन्दोलनका क्रममा प्रदर्शनकारीले सर्वोच्चको भवनमा आगजनी गर्दा भौतिक पूर्वाधारका साथै महत्वपूर्ण कागजात समेत जलेर नष्ट भएका छन्।

# उच्चस्तरीय यातायात व्यवस्थापन समिति गठन हुने

बुटवल। सरकारले वर्तमान परिस्थिति एवं चाडपर्वको समयमा यात्रुको यात्रा सुरक्षित र सहज बनाउन एवं प्राप्त गुनासोको तत्काल सम्बोधन गरी यातायात व्यवस्थापनमा सहजीकरण गर्न उच्चस्तरीय यातायात व्यवस्थापन समिति गठन गर्ने निर्णय गरेको छ।

आइतबार बसेको बैठकले यातायात व्यवस्था विभागका महानिर्देशकको संयोजकत्वमा समिति गठन गर्नेसहित छ बुँदे निर्णय गरिएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले जानकारी दिए।

उक्त समितिमा नेपाल प्रहरी प्रधान कार्यालय, राजमार्ग सुरक्षा महाशाखा प्रमुख, काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय प्रमुख तथा यातायात व्यवसायी राष्ट्रिय महासङ्घ अध्यक्षलगायत सरोकारवाला सहभागी हुनेछन्।

यस्तै बैठकले चाडपर्वको समयमा उपत्यकाबाट बाहिर जाने सवारीसाधनको प्राविधिक जाँच एवं आवश्यकताअनुसार यात्रु सहायता कक्ष निर्माण गर्ने निर्णय पनि भएको यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले बताए।

उनकाअनुसार बैठकले वर्तमान परिस्थिति एवं चाडपर्वका समयमा काठमाडौँ उपत्यकाबाट बाहिर जाने यात्रुलाई सहजै गन्तव्यस्थलसम्म जानसक्ने गरी यातायातको व्यवस्थापन गर्न नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घलगायत सरोकारवाला सबैलाई अनुरोध गर्ने निर्णय पनि गरेको छ। यस्तै, आन्दोलनका क्रममा क्षति भएका सार्वजनिक सवारीसाधन एवं कार्यालयको यकीन गरी उचित क्षतिपूर्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने, ट्राफिक प्रहरीका लागि अत्यावश्यक पर्ने सामग्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक सुरक्षा परिषद्लगायतबाट उपलब्ध गराउने निर्णय भएको छ।

बैठकले आन्दोलनका क्रममा लुटपाट गरिएका हतियारलगायत सामग्री सवारीसाधनबाट ओसारपसार हुन नपाउने गरी तत्काल सूचना जारी गर्ने निर्णय पनि गरेको सिटौलाले बताए। उनका अनुसार दसैँको समय भएकाले पहिला काठमाडौंमा अड्किएकालाई गन्तव्यमा पुऱ्याएपछि मात्र दसैँको अग्रिम टिकट खोलिनेछ।

# अस्थायी रूपमा सेवा दिँदै नेपालगञ्जका क्षतिग्रस्त कार्यालय

नेपालगञ्ज। आगजनी र तोडफोडबाट क्षतिग्रस्त भएका यहाँका कार्यालयमध्ये केहीले अस्थायी रुपमा आइतबारदेखि सेवाप्रवाह गर्न सुरु गरेका छन्। नेपालगञ्ज उप-महानगरपालिका, भन्सार कार्यालय र उच्च अदालत तुल्सीपुर नेपालगञ्ज इजलासले सेवा प्रवाह सुरु गरेका हुन्।

नेपालगञ्ज उप-महानगरपालिकाका प्रशासकीय अधिकृत रामहरि शर्माले कार्यालय परिसरमा टेन्ट टाँगेर सेवा प्रवाह सुरु गरिएको जानकारी दिए। कार्यालयमा सरसफाइ र व्यवस्थापनको काम पनि भइरहेको उनको भनाइ छ। "अस्थायी कार्यालय स्थापना गरेर भेटघाट र नागरिकको अत्यावश्यक केही काम गर्न थालिएको छ।"-उनले भने। उनले अवरुद्ध भएको विद्युत् जडान र शौचालय सरसफाइसमेत गरिएको बताए।

उप-महानगरपालिकामा स्वास्थ्य सेवा सुरु गरिएको स्वास्थ्य महाशाखाका प्रमुख रामबहादुर चन्दले जानकारी दिए।

भन्सार कार्यालय नेपालगञ्जले पनि औपचारिक रुपमा कार्यालयमा सञ्चालनमा ल्याएको जनाएको छ।

भन्सार कार्यालय, नेपालगञ्जका सूचना अधिकारी पवित्रकुमार खड्काले आयात निर्यात र जाँचपास सुरु भएको जानकारी दिए। उनले कार्यालयमा आगजनी र तोडफोड भएकाले प्रशासनिक र मुद्दामामिलाका काम सञ्चालन हुन अझै केही समय लाग्ने उल्लेख गरे।

उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासले आइतबारदेखि बन्दीप्रत्यक्षकरणको रिट निवेदनसम्बन्धी काम सुरु गर्ने जनाएको छ। त्यसका लागि बार, बेञ्च र सरकारी वकिलको कार्यालयसँग छलफल गरिएको थियो। जिल्ला अदालतले सेवा प्रवाह कसरी गर्ने भन्ने विषयमा छलफल गर्दैछ।

यसअघि जिल्ला प्रशासन कार्यालय, बाँकेले न्यूनतम सेवा कसरी प्रवाह गर्न सकिन्छ भनेर कार्यालय प्रमुखसँग छफफलसमेत गरेको थियो।

बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी उमाकान्त अधिकारीले जिल्ला प्रशासन कार्यालयबाट सेवा प्रवाह तत्काल सुरु गर्न अप्ठ्यारो स्थिति रहेको बताए। "आगजनी र तोडफोडले सबै खरानी भएको छ, कसरी काम गर्ने भन्ने विषयमा अन्यौल छ।"-उनले भने।

बाँकेमा निजी तथा सरकारी विद्यालय सञ्चालनमा आएका छन्। विद्यालयका दोस्रो चरणको परीक्षाका तयारीका लागि पनि विद्यालय सञ्चालनमा आएको विद्यालयले जनाएको छ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) बाँकेका अध्यक्ष विकास बज्राचार्यले स्थिति सहज भएकाले सहयोग गर्न सबैलाई अनुरोध गरे। जेनजी प्रदर्शनका क्रममा बाँकेका अधिकांश सरकारी कार्यालयमा तोडफोड र आगजनी भएका कारण कार्यालयले सेवा प्रवाह गर्न सकेका छैनन्।

# तोडफोड तथा आगजनी भएका व्यवसायिक प्रतिष्ठानहरूमा स्थलगत अवलोकन



बुटवल। बुटवल उद्योग वाणिज्य संघ रूपन्देहीले जेनजी आन्दोलनका क्रममा तोडफोड तथा आगजनी भएका सरकारी कार्यालय तथा निजी क्षेत्रका व्यवसायिक प्रतिष्ठानको स्थलगत अवलोकन गरेको छ।

संघका अध्यक्ष हरिप्रसाद अर्यालको नेतृत्वमा निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य उज्ज्वलप्रसाद कसजू, संघका उद्योग उपाध्यक्ष सुरज भट्टराई, वाणिज्य उपाध्यक्ष विमलराज भट्टराई, महासचिव मुक्तिप्रसाद अधिकारी, कोषाध्यक्ष बसन्तप्रसाद ढकाल, सचिव प्रतिक पोखरेल, सह-कोषाध्यक्ष धनकुमारी खनालसहित कार्यसमिति सदस्यहरु समेतको टोलीले बुटवल तथा आसपासका क्षेत्रमा तोडफोड तथा आगजनी गरिएका व्यवसायिक प्रतिष्ठानहरुमा स्थलगत अवलोकन गर्नुको साथै उद्योगी व्यवसायीहरुलाई सान्त्वना दिएको हो।

सरकारी कार्यालयहरु तथा निजी व्यवसायिक प्रतिष्ठानहरुको स्थलगत अवलोकनपछि संघका अध्यक्ष हरिप्रसाद अर्यालले ठूलो लगानी भएका होटल तथा व्यवसायिक प्रतिष्ठानमा भएको क्षेतिले मनै विक्षिप्त भएको बताए।

उनले घटनाको बस्तुस्थिति हेर्दा जेनजी समूहका युवा विद्यार्थीले गरेको आन्दोलनमा अराजक तत्वको घुसपैठ भएको प्रष्ट भएको जनाए। सरकारी कार्यालयहरु र व्यवसायिक प्रतिष्ठान तथा व्यक्तिगत सम्पत्तिमा तोडफोड गर्नेहरुलाई पहिचान गरेर कारबाहीको दायरामा ल्याउनु पर्ने पनि उनले बताए।

अध्यक्ष अर्यालले तोडफोड तथा आगजनी गरिएका सरकारी कार्यालयहरु उद्योग तथा व्यवसायिक प्रतिष्ठानलाई आवश्यक सहयोगको लागि संघ तयार रहेको बताउँदै व्यवसायिक प्रतिष्ठानहरुको बिमा दाबी भुक्तानीमा आवश्यक प्रकृया पूरा गर्ने कुरामा सम्बन्धित सरकारी निकाय र सम्बन्धित विमा प्रदायक संस्थाले पनि विलम्ब नगरिक नै बिमा भुक्तानी गरिदिन आग्रह गरेका छन्।

सरकारद्वारा गरिएको सामाजिक सञ्जाल बन्द तथा भ्रष्टाचार र बेथितिको विरोधमा जेनजी समूहका युवा विद्यार्थीले यहि भदौको २३ र २४ गते प्रदर्शन गरेका थिए। यो प्रदर्शनका क्रममा सरकारी कार्यालयदेखि निजी क्षेत्रका व्यवसायिक प्रतिष्ठान र नेताहरुको व्यक्तिगत घरमा समेत तोडफोड र आगजनी भएको थियो।

संघको टोलीले उक्त प्रदर्शनका क्रममा तोडफोड तथा आगजनी भएको बुटवल उप-महानगरपालिका, बुटवलको सुख्खानगर रहेको भाटभटेनी सुपरमार्केट, मिलनचोकमा रहेको ड्रिम इन्टरनेशनल होटल, तिलोत्तमाको ड्राइभरटोलमा रहेको होटल टुलिप, मणिग्राममा रहेको होटल ड्रिमल्याण्डलगायतका व्यवसायिक प्रतिष्ठानहरुमा स्थलगत अवलोकन गरिएको कार्यसमिति सदस्य कृष्ण पाण्डेले जानकारी दिए।

जेनजीले गरेको प्रदर्शनका क्रममा निजीक्षेत्रबाट सञ्चालन गरिएको बुटवलका भाटभटेनी सुपरमार्केटमा तोडफोड तथा लुटपाट भएको थियो।

त्यस्तै मिलनचोकमा रहेको होटल ड्रिम इन्टरजेशनल तथा तिलोत्तमाको ड्राइभरटोलमा रहेको होटल टुलिप र मणिग्राममा रहेको होटल ड्रिमल्याण्डमा आगजनी गरिएको थियो।

त्यसैगरी बुटवल उप-महानगरपालिकासहित वडा नं. ४, वडा नं. १३ को कार्यालय, तिलोत्तमा नगरपालिकाको कार्यालय, वडा नं. ५, आन्तरिक राजस्व कार्यालय बुटवल, इलाका प्रशासन कार्यालय बुटवल, लुम्बिनी प्रदेश वन निर्देशनालय, यातायात कार्यालयलगायतका सरकारी कार्यालयहरुमा तोडफोडसहित आजगनी भएको थियो।

त्यस्तैगरी यस आसपासमा नेताहरुको घरमा समेत तोडफोड तथा आगजनी भएको छ। पूर्वगृहमन्त्री तथा कांग्रेस नेता बालकृष्ण खाँण, प्रतिनिधिसभा सदस्य बासुदेव घिमिरेको घर, लुम्बिनी प्रदेशसभा सदस्य तथा पूर्व मुख्यमन्त्री लिला गिरी, नेपाली कांग्रेस रुपन्देहीका सभापति तथा तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँण, प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठको घरमा तोडफोड तथा आगजनी भएको छ।

# आपूर्ति सुनिश्चित गर्न सरोकारवालालाई आग्रह

बुटवल। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले दैनिक उपभोग्य वस्तु तथा सेवाहरूको सहज आपूर्ति सुनिश्चित गर्न सरोकारवाला सबैलाई आग्रह गरेको छ।

विभागले आइतबार सूचना जारी गर्दै हालैका आन्दोलनबाट सिर्जित विषम परिस्थिति सामान्यीकरण हुँदै गएकाले दैनिक उपभोग्य वस्तु तथा सेवाहरूको सहज आपूर्ति सुनिश्चित गर्न र वस्तु सञ्चित नगर्न व्यवसायीलाई आग्रह गरेको हो।

विभागले उपभोक्ताहित संरक्षणका लागि वस्तु सञ्चित नगर्न-नगराउन निजी क्षेत्र र आवश्यकता भन्दा बढी खरिद नगर्न उपभोक्तालाई अनुरोध गरेको छ।

विभागले निजी क्षेत्रका उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेतालगायत सम्पूर्ण निजी क्षेत्रलाई माग, आपूर्ति र मूल्यमा प्रतिकूल प्रभाव पार्ने गरी वस्तु सञ्चित नगर्न पनि अनुरोध गरेको छ।

यसैगरी आम उपभोक्तामा समेत बजारमा दैनिक अत्यावश्यक उपभोग्य वस्तु अभाव नभएकाले आवश्यकताभन्दा बढी खरिद तथा सञ्चय नगर्न आग्रह गरिएको छ।

विभागले 'स्वच्छ र प्रतिस्पर्धी बजार : उपभोक्ता संरक्षणको दिगो आधार' भन्ने नारासाथ उपभोक्ताहित संरक्षणमा सक्रिय रहेको जनाएको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com